*DAO. Regd. No. 1278-063/064* *SWC. Regd. No. 22628*

# Disaster Preparedness Network Nepal

Nepal Red Cross Building, PO Box No 12294, Kathmandu, Nepal
Phone: +977-1-4672165, 6226613; Fax: +977-1-4672165
Email: dpnet@dpnet.org.np, URL: www.dpnet.org.np

## कोभिड–१९ प्रभावितहरूलाई सहयोग गर्न बिभिन्न स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर–सरकारी संस्था, सर्बसाधरण, निजी क्षेत्र लगायतका सरोकारवालहरुसँग हार्दिक अपिल

**जेष्ठ ३ गते, २०७८ (May 17, 2021)**

डिसेम्बर २०१९ बाट शुरु भएको कोभिड–१९ को महामारीले विश्व नै ठप्प पारी हाल सम्म करीब ३,३९५,०८१ सर्ब साधारणको ज्यान लीई सकेको र नेपालमा पनि आज सम्म ५,२१५ जनाले ज्यान गुमाइसकेको कुरा हामी सबैलाई अवगतै छ । हालै छिमेकी राष्ट्र भारतमा देखा परेको महामारीको दोस्रो लहरले नेपालमा पनि दैनिक रुपमा सयौको ज्यान लीई सकेको र हजारौ मानिसहरू संक्रमित भइरहेका छन् । आगामी दिनमा संक्रमणका कारण सर्बसाधरणको जनजीवन झनै कठिन हुने कुरा यस क्षेत्रसँग सम्बद्ध बिज्ञहरूले बताइरहेका छन् । यसको साथै अब नेपालमा मनसुनको समय पनि सुरू भएको र यस पटक मनसुन झनै सक्रिय रहने भनिएको छ र थप विपत्तिको सामना गर्नु पर्ने हुन सक्छ । यसको लागि पनि हामी तयारी अवस्थामा रहनु पर्ने अवस्था रहेको छ ।

हाल विद्यमान महामारीको अवस्थामा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, सरकारी तथा निजी क्षेत्र मातहतका अस्पताल र स्वास्थ्यकर्मी, नेपाल प्रहरी, नेपाली सेना, ससस्त्र प्रहरी, बिभिन्न स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर–सरकारी संस्था, निजी क्षेत्र स्वस्फुर्त रूपमा स्वयमसेवी समुह आदिले सिमित श्रोत साधनको बाबजुद पनि नेपाली जनताको जीवन रक्षाको निमित्त मानविय हिसाबमा गरेका प्रयासहरु अत्यन्तै सराहनिय र महत्वपूर्ण रहेका छन् । यती हुँदा हुँदै  पनि महामारीको चाप दिन– दिनै जटिल बन्दै गइरहेको र देशभरिका सम्पूर्ण स्वास्थ्यसंस्थाहरु उपचार सामाग्रहीरुको अभाबमा प्रभावकरी सेवा प्रदान गर्न नसक्ने अवस्थामा पुगी दैनिक रुपमै मृत्यु दर वढेर गइरहेको छ । मानिसहरूको हेलचक्राही, प्रभावकारी जनचेतना र जानकारीको अभाबमा संक्रमण फैलनेक्रम तिव्र रूपमा वढिरहेको छ । जसका कारण समुदाय स्तरमा महामरीले झनै गहिरो र दिर्घ–कालिन असर पार्ने कुरा सजीलै अनुमान गर्न सकिन्छ।

**डिपीनेट,** विगत २५ बर्ष देखि सम्बन्धित सरोकारवाला वीच सहकार्य र समन्वयकारी भूमिका निर्बाह गरी विपद् व्यवस्थापनको क्षेत्रमा योगदान पुर्याउदै आइरहेको एक जिम्मेवार र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने नेपाली संघ संस्थाको  साझा राष्ट्रिय  संजाल हो । डिपीनेट यस दुःखद परिस्थितीमा आम जनताले भोगी राखेको यस मानविय पिडा प्रती गहिरो चिन्ता ब्यक्त गर्न चाहन्छ र आफ्नो क्षमता र दायरा भित्र रही अप्ठ्यारो अवस्थामा रहेका नेपाली जनतालाई सहयोग गर्न प्रतिवद्द रहेको छ । यस परिस्थितीमा तीनै तहका सरकारहरू वीच पनि प्रभावकारी समन्वय कायमगरी तदरूकताका साथ काम गर्नु पर्ने आवस्यकता देखिएको छ । यसै सन्दर्भमा तपशिलका प्राथमिकतामा रही यस कोभिड–१९ ले ल्याएको महामारीसँग जुध्न र सहयोग पुर्याउनका लागि डिपीनेट नेपाल आम सर्बसाधरण तथा सम्पूर्ण सरोकारवालासँग हार्दिक अपिल गर्दछ ।

१) देशै भरी छरिएर रहेका डिपीनेटका सदस्य संस्थाहरु मार्फत तत्काल जीवन रक्षाको लागि स्थानिय स्वास्थ्य क्षेत्रमा देखा परेका समस्या र आपुर्ती अभाबको पहिचान गरी सम्बन्धित सरोकारवालाहरुसँग सुचना प्रबाह र समन्वय गरी आपुर्ती अभाबलाई सम्बोधन गरी सहयोग र सहजिकरण गर्ने ।

२) महामारीको र लकाडाउनका कारण रोजगार गुमाई जीविकोपार्जनमा अप्ठ्यारो अवस्थामा र संकटमा परेका अती बिपन्न संकटासन्न परिवारमा राहत सामाग्री उपलब्ध गराउन सहजिकरण गर्ने ।

३) सदस्य संस्थाहरूसँग रहेको दक्ष जनशक्ति र स्वयम सेवकहरूको सहयोगमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।

४) राष्ट्रिय बिपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत अन्य सरकारी निकायमा महामारी नियन्त्रण र व्यवस्थापनका लागि आवस्यक पर्ने  निती नियम तर्जुमा गर्न सहजीकरणको भूमिका निर्बाह गर्ने ।

**Disaster Preparedness Network Nepal**
Nepal Red Cross Building, PO Box No 12294, Kathmandu, Nepal
Phone: +977-1-4672165, 6226613; Fax: +977-1-4672165
Email: dpnet@dpnet.org.np, URL: www.dpnet.org.np

५) संघिय, प्रदेश र स्थानिय तहमा बिपद ब्वस्थापन सम्बन्धी आवश्यक क्षमता अभिबृद्धी गर्दै जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

माथि उल्लेखित विषयका गतिविधि समाज कल्याण परिषद लगायत विभिन्न सरकारी तथा गैर संघसंस्थाहरूसंग सहकार्य र समन्वय गरी संचालन गरिनेछ । यस महत्वपूर्ण मानविय सेवाको कामलाई अगाडी वढाउनको लागि सबै मनकारी मनहरू, सहयोगीहातहरू, बिभिन्न स्थानिय, राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैर–सरकारी संस्था, ब्यक्ति तथा निजी क्षेत्रहरुले आ–आफ्नो क्षेत्र र क्षमतामा रही सहयोग गर्नको लागि समेत हार्दिक अपिल गर्न चाहन्छौ । सहयोग गर्न चाहने व्यक्ति र संघसंस्थाहरूलाई निम्नानुसारको खातामा रकम जम्मा गरी दिन हुन समेत हार्दिक अनुरोध गर्दछौ । हाम्रो खातामा जम्मा भएको र खर्च गरिएको रकमलाई पारदर्शी हिसाबमा सार्वजनिकिकरण गरिने व्यहोरा समेत जानकारी गराउदछौं ।

**बैंक र शाखा: नेपाल बाङ्लादेश बैंक**
**खाता नम्बर: ००१२५२२२१s**
**बैंक खाताको नाम: डिपीनेट नेपाल**
**ठेगाना: कमलादी साखा**

**नोट:** हाल बिद्यामान मानबिय संकटलाई ध्यानमा राखी जीवन रक्षाको निम्ती स्वास्थ्य सेवामा केन्द्रित रहिने बेहोरा जानकारीको लागि अनुरोध छ। मध्य र दिर्घ-कालिन आवश्यकताहरुमा छलफल जारी राखदै पहिलो चरणको कार्य समापन पछी निरन्तर गरिने कुरा समेत जानकारी गराउन चाहन्छौ ।

**संपर्कको लागि:**
१। सुर्य बहादुर थापा, अद्यक्छ्य: subatha3@gmail.com
२। डा राजु थापा, महा-सचिव: advrajuthapa@gmail.com
३। बिमल गदाल, टिम लिडर तथा प्राबिधिक सल्लाहकार: tl@dpnet.org.np

भवदीय

...................................
सुर्य बहादुर थापा
अध्यक्ष, डिपीनेट